नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मन्थली, रामेछाप

०४८-५४०३३३ प्र.जि.अ.
०४८-५४०५०१ स.प्र.जि.अ.
०४८-५४०३७०
०४८-५४००८८
०४८-५४०१३३
इमेल : daoramechhap@gmail.com

पत्र संख्याः- ०७९/०८०
चलानी नं.:-

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रामेछाप

## कोभिड-१९ को संक्रमण नियन्त्रण सम्बन्धी सूचना !

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमण रोकथाम सम्बन्धी कार्य भईरहेको छ । हाल काठमाडौं उपत्यका लगायतका स्थानहरुमा नयाँ भेरिएन्टको संक्रमण दर बढ्दो क्रममा रहेको र यस जिल्लामा समेत कोभिड-१९ को संक्रमण देखिएकोले जनस्वास्थ्यमा गम्भिर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी संक्रमणको रोकथाम, नियन्त्रणमा थप सर्तकता अपनाई नागरिकको जीवनको सुरक्षा गर्न मिति २०८०/०१/०६ गते बसेको जिल्ला कोभिड व्यवस्थापन केन्द्र (DCMC) को बैठकमा गृह मन्त्रालयको च.नं. १५०२ मिति २०७९/१२/२२ गतेको पत्रका सम्बन्धमा समेत छलफल गरी देहाय बमोजिमका निर्णयहरु भएको हुँदा सोही बमोजिम गर्नु/ गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**देहायः**

१. सार्वजनिक सवारी साधन तथा बढी भिडभाड हुने स्थानहरुमा मास्क तथा स्यानिटाईजको प्रयोग लगायत स्वास्थ्य प्रोटोकल सबैले पालना गर्ने ।

२. स्वास्थ्य कार्यालयले सचेतनामूलक कार्यक्रम सञ्चालन गरी सजकता अपनाउन व्यापक प्रचारप्रसार गर्ने ।

३. कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण देखिएका विरामीहरुको परीक्षण गर्ने आवश्यक व्यवस्था स्वास्थ्य कार्यालय र जिल्ला अस्पताल रामेछापले गर्ने । साथै परीक्षणको दायरा बढाउन स्थानीय तहसँग अनुरोध गर्ने

४. स्वास्थ्य कार्यालय र स्थानीय तह वीचको समन्वयमा आइसोलेसन वेडहरुलाई दुरुस्त अवस्थामा राख्ने र त्यसको जानकारी DCMC लाई दिने ।

५. सबै स्थानीय तहले आवश्यक स्वास्थ्य प्रोटोकल पालना गर्न गराउन तथा संदेशमुलक प्रचार सामग्रीहरु तयार गरी प्रचारप्रसार गर्ने ।

६. बुस्टर डोज खोप लगाउन अवधी पुगेका ५५ बर्ष माथिका नागरिकहरुलाई यहि मिति २०८० बैशाख १३ र १४ गते संचालन हुने बुस्टर डोज खोप अभियानलाई सफल बनाउन सबै पक्षबाट आवश्यक समन्वय र सहयोग गर्ने ।

७. कोभिड-१९ को रोकथाम र नियन्त्रणका सचेतनामुलक कार्यक्रमहरु व्यापक रुपमा प्रचारप्रसार गर्न जिल्लास्थित सबै सञ्चार माध्यमहरुलाई अनुरोध गर्ने ।

मितिः २०८०/०१/०७